STAR INNOVATION

And Research Center Pvt. Ltd.

# गुराँस गाउँपालिकाको सेवा प्रवाहबारे गरिएको जनमत सर्वेक्षणको प्रतिवेदन- २०७८/०७९

**2022**

**सम्पर्क:**

**९८५८०५०००७, ९८०३९५०००७**

info.innovationresearch@gmail.com

**‘जनमत सर्वेक्षणको आधारमा शासन सञ्चालन नै लोकतान्त्रिक नेतृत्वको कर्तव्य हो’**

गुराँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट भएका गतिविधि, क्रियाकलाप र अभियानहरुले आम नागरिकमा पार्न सकेको वा नसकेको सन्दर्भमा यस स्थानीय तहसँगको सहकार्यमा स्वतन्त्र रुपले मत सर्वेक्षणको कार्य अघि बढेकोमा सुखी व्यक्त गर्दछु । साथै यसको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

लोकतान्त्रिक व्यवस्थामा जनताको अभिमत, सझाव, सल्लाह, प्रतिक्रिया लिएर शासनसत्ता सञ्चालन गर्नुपर्ने नेतृत्वको कर्तव्य हो । यसैका आधारमा पालिका सरकार सञ्चालन गर्दा जनताको अपेक्षा अनुरुप के कति काम भएको छ ? भन्ने विषयमा स्वमुल्याङ्कन गर्नु एउटा नेतृत्वको कर्तव्य हो भने सामाजिक र नागरिक सर्वेक्षण गरी सवल पक्षको अनुशरण एवं कमजोर पक्षको सुधार गर्नुपर्ने दायित्व हो । यसै सन्दर्भमा गुराँस गाउँपालिकाबाट गरिएको यस नागरिक सर्वेक्षण कार्यक्रममा जनताबाट आएका विचारको उच्च कदर गर्दै गुराँस समृद्धिको यो यात्रामा सहजता पुग्ने विश्वास लिएको छु ।

कुनै पनि निश्चित क्षेत्र वा विषयको बदलिँदो अवस्थाबारे जनधारणा बुझ्न सर्वेक्षणहरू महत्वपूर्ण र स्थापित साधन हुन् । मत सर्वेक्षणले जनताको अवस्था, विचार र प्राथमिकताबारे सरकारलाई राम्रोसँग बुझाउन र तदनुरूप बाटो बदल्नका साथै सुशासन तथा सेवा प्रवाहमा सुधार गर्न मद्दत गर्छ । नेपालको सन्दर्भमा मत सर्वेक्षणलाई कायमै राख्नुपर्ने आवश्यकता अझ बढी स्पष्ट छ, किनभने छोटो अवधिमै देशमा महत्वपूर्ण राजनीतिक परिवर्तनहरू भएका पाइएको छ । मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा फड्को मारिसकेको छ । यस सन्दर्भमा जनताको अभिमत लिने खालका जनमत सर्वेक्षणको सान्दर्भिकता अझै बढेको महसुस गरेको छु ।

अन्तमा, सर्वेक्षणमा सहभागी सबै नागरिक र यस कार्यमा लाग्ने सबै सर्वेक्षणकर्ताको टिमलाई गुराँस गाउँपालिकाको र मेरो व्यक्तिगत तर्फबाटसमेत धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद ! जय गुराँस !**

**खेमराज ओली**
**अध्यक्ष**

**‘सुरक्षा, सुशासन, पहिचान र आगामी कार्यदिशाबारे सार्वजनिक धारणा प्रस्तुत गर्ने विश्वास छ’**

गुराँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट भएका गतिविधि, क्रियाकलाप र अभियानहरुको सन्दर्भमा यस गाउँपालिकासँगको सहकार्यमा स्वतन्त्र रुपले मत सर्वेक्षणको कार्य अघि बढेकोमा सुखी व्यक्त गर्दै यसको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

तथ्यमा आधारित नीति निर्माणको लागि तथ्याङ्क भन्ने कुरालाई मध्यनजर गर्दै राष्ट्रिय योजना आयोग र केन्द्रीय तथ्याङ्क विभागले नेपालमा २०७५ सालमा तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति (२०७५८०/२०७९-७६/) तयार गरिएको छ। बदलिँदो शासन संरचनामा स्थानीय तह (गाउँपालिका, नगरपालिका) एक स्वायत्त छुट्टै तहका सरकार हुन् । स्थानीय तह आम नागरिकका सबैभन्दा नजिकको सरकार त हो नै व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका समेतको व्यवस्था रहेकाले यो अझै महत्वपूर्ण छ।

कुनै पनि योजना बनाउनुपूर्व त्यहाँको आवश्यकता र त्यस योजनाले पार्ने प्रभावका सन्दर्भमा अध्ययन, अवलोकन, सर्वेक्षणलगायतलाई आधार बनाइन्छ। त्यतिमात्र होइन, योजना सम्पन्न भइसकेपछि पनि त्यसले पारेको प्रभाव र ल्याएको परिवर्तनको सन्दर्भमा जानकारी गराउनसमेत सर्वेक्षणले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ भन्ने अनुभूति गरेको छु । यस मत सर्वेक्षणले स्थानीय तहको सुशासनको सवाल, जनमैत्री शासन र योजनाको प्रभावकारिताको विषयमा कति जिम्मेवार छ भन्ने कुराको एउटा चित्र तयार गर्ने अपेक्षा गरेको छु। यो सर्वेक्षणले व्यक्तिगत सुरक्षा, सुशासन, पहिचान र समग्र आगामी दिशाका सरोकारबारे सार्वजनिक धारणा प्रस्तुत गर्ने कुराको विश्वास गरेको छु।

अन्तमा, मत सर्वेक्षणको यस कार्यलाई अघि बढाउने स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रा. लि. र यसमा खटिएका सर्वेक्षक तथा विश्लेषणकर्तालाई धन्यवाद व्यक्त गर्दै पूर्ण सफलताको कामना गर्दछु।

**धन्यवाद !**

**ललितबहादुर थापा**
**प्रमुख प्रशासकीय अधिकृत**

**सर्वेक्षणबारे स्टार इन्नोभेसनको तर्फबाट...**

जनमैत्री र सुशासनयुक्त शासन प्रणालीको एक महत्वपूर्ण पक्ष कार्यसम्पादनको सन्दर्भमा सर्वेक्षण गर्न गुराँस गाउँपालिका दैलेखले स्वतन्त्र रुपमा कार्य गर्नेगरी स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्राइभेट लिमिटेडसँगको सहकार्यमा कार्य गर्न लागेको कुरा जानकारी गराउन पाउँदा खुसी लागेको छ।

संघीय मुलुकका तीन तहमा विभाजित सरकारमध्ये महत्वपूर्ण सरकार स्थानिय तहले आफ्ना क्रियाकलाप, गतिविधी र अभियानको बारेमा जनतासामू पुगेर सर्वेक्षण गर्नु अत्यन्त जिम्मेवारीबोध र जनताप्रति जवाफदेहि सरकारको उदाहरण हो । सार्वजनिक निकाय वा सार्वजनिक नेतृत्वका विषयमा जति धैरै अध्ययन, अनुसन्धान र सर्वेक्षण गरिन्छ, त्यति मात्रामा सवालहरु बलियो बन्छन् । अध्ययन, सर्वेक्षणले नै सम्बन्धित क्षेत्रमा सुधार तथा विकासको मार्ग प्रसस्त पनि गर्ने गरेका हुन्छन् । गुराँस गाउँपालिकाको कार्यसम्पादनमा नागरिकस्तरमा बुझाई के छ ?, कस्तो खालको महसुस गरिएको छ ? राजनीतिक नेतृत्वको सवालमा नागरिक के भन्छन् ? र आगामी दिनमा कसरी अघि बढ्न सकिन्छ ? भन्ने विषयमा यस अध्ययनले आफ्नो कार्य करार गरेको छ । यसबाट पक्कै पनि सम्बन्धित निकायलाई जनमैत्री शासनको लागि अभिप्रेरित गर्ने नै छ भन्ने मैले विश्वास लिएको छु।

अरु तहका सरकारजस्तै यो जनप्रतिनिधि मूलक सरकार हो । यहाँ जनप्रतिनिधि र स्थायी सरकार (कर्मचारी) को सहभागितामा परिणामुखी काम गर्ने अवसर छ। जनप्रतिनिधिसहित क्रियाशील पहिलो पाँच वर्षे कार्यकालको अन्तिम अन्तिम चरणमा सबैले सकारात्मक समीक्षा गर्नु पर्दछ। यस अनुसन्धानले स्थानीय तहले गरेका कामप्रति नागरिकको बुझाई, सन्तुष्टी वा असन्तुष्टी, राम्रो पक्ष वा सुधार गर्नुपर्ने पक्ष लगायतका विषयमा सोधखोज गरेको छ।

अन्तमा, स्थानिय तहका जनप्रतिनिधि र कर्मचारी संयन्त्रले गर्ने काममा अझै गुणस्तर र सुशासन कायम गराउन, तथा नागरिकलाई आफ्नो उत्तरदायित्वमा केन्द्रित गर्न यस सर्वेक्षणको कामले भूमिका निर्वाह गर्ने छ भन्ने अपेक्षा गरेको छु।

**धन्यवाद।**

**दीपेन्द्र ओली**<br>**अध्यक्ष**

**पृष्ठभूमिः**

संघीय मुलुकका तीन तहमा विभाजित सरकारमध्ये महत्वपूर्ण तह स्थानिय तहका सरकार हुन् । अरु तहका सरकारजस्तै यो जनप्रतिनिधि मूलक सरकार हो । यहाँ जनप्रतिनिधि र स्थायी सरकार (कर्मचारी) को सहभागितामा परिणामुखी काम गर्ने अवसर छ । जनप्रतिनिधिसहित क्रियाशिल पहिलो पाँच वर्षे कार्यकालको अन्तिम अन्तिम चरणमा छन् । स्थानिय तह गठन तथा स्थानिय तहमा जनप्रतिनिधि निर्वाचित हुँदा आम मतदाताले धेरै प्रकारका आशा, अपेक्षाको साथमा विश्वास गरी मत हालेका थिए । त्यतिमात्रै होइन, हालका जनप्रतिनिधिले समेत स्थानिय तहका जनप्रतिनिधिमा निर्वाचित हुनुपूर्व धेरै प्रकारका योजना तयार गरेका हुन् । त्यसअनुसार मतदातासँग विभिन्न प्रतिवद्धतासमेत गरिएको थियो । केहि त पूरा भए, केहि भने अधुरा छन् ।

अब हामी सकारात्मक परिणामलाई प्रोत्साहन हुनेगरी समीक्षा गरौँ । यस अनुसन्धानले स्थानिय तहले गरेका कामप्रति नागरिकको बुझाई, सन्तुष्टी वा असन्तुष्टी, राम्रो पक्ष वा सुधार गर्नुपर्ने पक्ष लगायतका विषयमा सोधखोज गर्ने छ ।

**अध्ययनको उद्देश्यः**

अध्ययन कुनै न कुनै उद्देश्य प्राप्तिको लागि नै गरिन्छ । सार्वजनिक निकाय वा सार्वजनिक नेतृत्वका विषयमा जति धेरै अध्ययन, अनुसन्धान र सर्वेक्षण गरिन्छ, त्यति मात्रामा सवालहरु बलियो बन्छन् । सम्बन्धित क्षेत्रमा सुधार तथा विकासको मार्ग प्रसस्त पनि अध्ययन, सर्वेक्षणले नै गर्ने गरेका हुन्छन् । यस अध्ययनले पनि केहि निश्चित उद्देश्य लिएको छ । गुराँस गाउँपालिकाबाट प्रवाह हुने सेवा सुविधाको सन्दर्भमा हाल नागरिकस्तरमा बुझाई के छ ? र आगामी दिनमा कस्तो नेतृत्व नागरिकले चाहन्छन् ? भन्ने थाह पाउन र सम्बन्धित निकायलाई जनमैत्री शासनको लागि अभिप्रेरित गर्ने उद्देश्यले यो अध्ययन गर्न थालिएको हो ।

**अध्ययनको औचित्यः**

फिक्का नजरले हेर्दा हामीले एउटा योजनामात्र देख्न सक्छौँ । एउटा समुदायको एउटा उदाहरणीय कामको कारण त्यहाँका नागरिकको प्रत्येक्ष दैनिक जीवनमा प्रभाव पारिरहेको हुन्छ तर यसको बारेमा चर्चा भएको हुँदैन । अब राम्रा कामको विषयमा चर्चा गरेर समाजलाई थप राम्रो कामतर्फ अग्रसर गराउनुपर्ने अवको आवश्यकता देखिएको छ । अध्ययन, अनुसन्धान र सर्वेक्षण कुनै पनि सार्वजनिक निकायको मुटु हो । किनभने, आफ्नो सेवाप्रवाह बारे अध्ययन, अनुसन्धान गरी अघि बढ्न सकेमा त्यस्तो सार्वजनिक निकायको काम अझै प्रभावकारी बन्छ । स्थानिय तहका जनप्रतिनिधि र कर्मचारी संयन्त्रले गर्ने काममा अझै गुणस्तर र सुशासन कायम गराउनमा यस अध्ययनले मद्दत गर्ने विश्वास लिएका छौं ।

**अनुसन्धानात्मक सवालः**

स्थानीय तहका क्रियाकलाप जनमैत्री बनाउन र नागरिकलाई आफ्नो उत्तरदायित्वमा केन्द्रित गर्न यस अनुसन्धानले भूमिका निर्वाह गर्ने छ । दैलेखको गुराँस गाउँपालिकाका राष्ट्रिय जनगणना २०६८ अनुसार जम्मा २२०३३ जनसंख्या छ । यसैगरी २०७८ को जनगणनाको प्रारम्भिक तथ्याङ्कअनुसार ४,३५८ घरधुरीमा २१,२८४

जना नागरिकको बसोबास छ। गुराँसमा रहेका ८ वटा वडा र जम्मा जनसंख्यालाई आधार गराएर अनुसन्धान गरिने छ। सबै वडाका नागरिकहरुलाई समावेश गरी २,२०३ जना नागरिकसँग सिमित प्रश्नावली सोधिएको छ।

लाभान्वित वर्ग र समुदायः

१. स्थानिय तहका सम्पूर्ण सर्वसाधारण नागरिकहरु।

२. स्थानिय संरचनामा सहभागिहरु।

३. सेवा प्रदायक निकाय।

४. साझेदार संघसंस्था।

कार्यक्रम कार्यान्वयन प्रक्रियाः अध्ययनको लागि स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रा. लि. ले निन्न लिखित प्रक्रिया अपनाएको छ।

१. स्थानिय तहका जिम्मेवार पदाधिकारीसँग छलफल गरी अध्ययन गर्ने समुदाय र सम्भावित व्यक्तिहरुको टुङ्गो।

२. सम्भावित प्रश्नावली तयार र स्थानिय तहसँग प्रश्नावलीको सन्दर्भमा छलफल।

३. स्थानिय तहबाट भएका केहि पृथक र लोकप्रिय मानिएका कार्यक्रमबारे स्थानिय तहबाट जानकारी।

४. गाउँपालिकाको कार्यालयबाट सर्वेक्षणकर्ता छनोट र प्रशिक्षण।

५. सर्वेक्षणकर्ता परिचालन।

६. सबै वडाको तथ्याङ्क संकलन।

७. विश्लेषण र छपाई।

गुराँस गाउँपालिकाको सेवा प्रवाहको सन्दर्भमा गरिएको सर्वेक्षणमा वडानम्बर १ देखि ८ सम्म ८ जना सर्वेक्षणकर्ताहरु खटिनुभएको थियो। जसमा वडास्थित गाउँपालिका मातहतमा कार्यरत सामाजिक परिचालकहरुले सर्वेक्षणको क्रममा अत्यन्त धैरै मेहनत र क्रियाशीलता देखाउनुभएको छ। उहाँहरुबाट संकलन भएको तथ्याङ्कहरुलाई नै यस प्रतिवेदनमा विश्लेषण गरिएको छ।




गुराँस गाउँपालिकाका ८ वडा वडामा गरी जम्मा एक हजार दुई सय तीन जना नागरिकलाई सर्वेक्षणमा तोकिएका विभिन्न प्रश्नहरु सोधेर फारम भरिएको थियो। जसअनुसार सबैभन्दा धेरै वडानम्बर ८ का नागरिक सर्वेक्षणमा सहभागि भएका छन् भने, सबैभन्दा कम वडानम्बर ४ का नागरिकले सहभागिता जनाएका छन्। त्यसैगरी क्रमशः वडानम्बर १, २, ५ र ७ नम्बरका नागरिकहरुको समेत उल्लेख्य सहभागिता देखिन्छ। वडानम्बर ८ मा १६२ जना, वडानम्बर १ र वडानम्बर ५ मा समान १५८, वडानम्बर २ र ७ मा समान १५७, वडानम्बर ३ मा १४७, वडानम्बर ६ मा १४४ र वडानम्बर ४ मा १२० जनालाई सर्वेक्षणमा सहभागी गराइएको छ।




गुराँस गाउँपालिका भित्र बसोबास गर्ने नागरिकहरुमा महिला र पुरुषलाई यस सर्वेक्षणको दायराले छोएको छ। खासगरी लैङ्गिक हिसावले समलिङ्गी, तेस्रोलिङ्गीको बसोबास धेरै नरहेकाले र भए पनि पहिचान नभएकाले पनि

यसमा महिला र पुरुष नै सर्वेक्षणमा सहभागि भएका छन्। तथ्याङ्कअनुसार महिलाभन्दा पुरुष नै सर्वेक्षणमा सहभागि भएका छन्। सर्वेक्षणमा ५७ प्रतिसत पुरुषको सहभागिता हुँदा बाँकी ४३ प्रतिसत महिलाले भाग लिएका छन्।




गुराँस गाउँपालिकामा विभिन्न किसिमका जातजाति र समुदायको बसोबास रहेको छ। सरकार भनेको सबै जातजाति र धर्म-संस्कृतिका नागरिकको साझा प्रतिनिधिमूलक संस्था हो। गुराँसमा बसोबास गर्ने जातजाति र समुदायमध्ये यस सर्वेक्षणमा क्षेत्री, दलित, जनजाति र  ब्राह्मण जातका नागरिकहरुले भाग लिएका छन्। सर्वेक्षणको तथ्याङ्कअनुसार गुराँसका ५८ प्रतिसत क्षेत्री समुदायका नागरिक, २५ प्रतिसत दलित समुदायका नागरिक, १५ प्रतिसत जनजाति समुदायका नागरिक र २ प्रतिसत ब्राह्मण समुदायका नागरिक सर्वेक्षणमा सहभागि भएका छन्।




| हिन्दु | मुस्लिम | इसाई | अन्य |
|---|---|---|---|
| ११८५ | १ | ११ | ७ |

माथि उल्लेख गरिएको सर्वेक्षणको तथ्याङ्कअनुसार सर्वेक्षणको क्रममा गुराँस गाउँपालिकामा बस्ने विभिन्न धर्म मान्ने समुदायका नागरिकहरुमध्षे हिन्दु, मुस्लिम, इसाई र अन्य गरी चार वटा विकल्पमा सर्वेक्षण गरिएको थियो । जसअनुसार सबैभन्दा धैरै एक हजार एक सय ८५ जना हिन्दु धर्मावलम्बी र सबैभन्दा कम १ जना मुसलमान धर्मावलम्बी सर्वेक्षणमा सहभागि भएका छन् । यसैगरी इसाई धर्मावम्बी ११ र अन्य धर्म मान्ने ७ जना नागरिक सर्वेक्षणमा समेटिएका छन् ।



- ज्याला
- विप्रेषण
- विद्यार्थी

सर्वेक्षणमा गुराँस गाउँपालिकाका नागरिकमध्ये पेशागत रुपमा विभिन्न ६ वटा क्षेत्रमा विभाजन गरि अध्ययन गरिएको थियो । कृषि, व्यापार, सेवा, ज्याला, विप्रेषण र विद्यार्थी गरी ६ वटा क्षेत्रलाई पेशागत रुपमा सहभागि गराइएको छ । जसमध्ये सबैभन्दा धैरै ७६ प्रतिसत नागरिक कृषि क्षेत्रमा क्रियाशील नागरिक सर्वेक्षणमा सहभागि छन् भने सबैभन्दा कम व्यापारमा संलग्न ५ प्रतिसत नागरिकले सर्वेक्षणको प्रश्नोत्तरमा सहभागि भएका छन् । यसैगरी ज्यालामा संलग्न र विद्यार्थी बराबरी ६-६ प्रतिसत सहभागि भएका छन् । ज्यालामा संलग्न नागरिक र विद्यार्थी भन्दा १ प्रतिसत बढी अर्थात् ७ प्रतिसत सेवामूलक क्षेत्रमा क्रियाशील नागरिकलाई सहभागी गराइएको छ ।




- स्थायी
- अस्थायी

छनोट गरिएको कुनै पनि स्थानमा दुई प्रकारका नागरिकहरुको बसोबास रहेको हुन्छ । एउटा स्थायी बसोबास गर्ने नागरिक र अर्को अस्थायी रुपमा बसोबास गरिरहेको नागरिक । गुराँस गाउँपालिकाभरको यो सर्वेक्षणमा सबैभन्दा बढी स्थायी बसोबास गरिरहेका नागरिकलाई सर्वेक्षणमा सहभागि गराइएको छ । सर्वेक्षणमा सहभागी भएकामध्ये स्थायी बसोबास गर्ने ९५ प्रतिसत नागरिकलाई प्रश्न सोधिएको थियो भने बाँकी ५ प्रतिसत अस्थायी बसोबास गर्ने नागरिकले जवाफ दिएका छन् ।




*द्वन्द्व खेतीपाती व्यापार वैवाहिक सम्बन्ध रोजगारी अन्य*

मानिस एक स्थानबाट अर्को स्थानमा विभिन्न कारणले बसोबास गर्ने गर्दछन् । जस्तैः व्यापार गर्न, द्वन्द्वका कारण, खेतीपाती गर्न वा अन्य कारणले । गुराँस गाउँपालिकामा पनि बाहिरबाट विभिन्न उद्देश्यले बसाइसराई गरी भित्रिएका छन् । ती नागरिकहरु विभिन्न कारणले गुराँसमा भित्रिएका हुन सक्छन् । सर्वेक्षणमा सहभागिमध्ये ३८ जना वैवाहिक सम्बन्ध भएर गुराँस गाउँपालिकामा भित्रिएका पाइएको छ भने खेतिपातीको कामको लागि ८ जना, व्यापार व्यवसाय गर्नको लागि ४ जना, द्वन्द्वको कारण २ जना र अन्य कारणले ३ जना गुराँसमा बसाइसराई गरी भित्रिएका छन् ।




शुद्ध उच्चारण अशुद्ध उच्चारण थाह छैन

जनमैत्री शासन व्यवस्था र चेतना विकासको एउटा सुचाङ्क आफ्नो सरकारको बारेमा जानकारी राख्न सक्नु हो । संघीय संरचनाअनुसार स्थानीय, प्रदेश र संघीय सरकारको जानकारी नागरिकलाई हुन सकेमा नागरिक र सरकार बीचको सम्बन्ध असाध्यै प्रगाढ रहेको कुरा प्रष्ट हुन्छ । यही हेतुले गुराँस गाउँपालिका नागरिकलाई सर्वेक्षणमा सोधिने प्रश्नमध्ये एउटा महत्वपूर्ण प्रश्न गाउँपालिकाको नाम थियो । तर कतिपय नागरिकलाई आफ्नो स्थानीय तहको सरकारको नाम नै थाह नपाएको भेटिएको छ । यसैगरी नाम थाह पाएका कतिपय नागरिकले पनि नाम शुद्ध उच्चारण गर्न नसक्ने अवस्था देखा परेको छ भने अधिकांशले नाम थाह मात्रै पाएका छैनन्, शुद्धसँग उच्चारणसमेत गर्ने गरेका छन् । तथ्याङ्कअनुसार २२ जना नागरिकले अझै पनि गाउँपालिकाको नाम थाह पाएका छैनन् भने नाम थाह पाउनेमध्ये दुई सय ६१ जनाले गाउँपालिकाको नाम शुद्ध उच्चारण गर्न सक्दैनन् । तर ७ सय ६१ जनाले भने गुराँस गाउँपालिकाको परिचय राम्ररी भन्न सकेका छन् ।




अर्को महत्त्वपूर्ण विषयवस्तु हो, सरकारबारे नागरिकको बुझाई । यस सन्दर्भमा सर्वेक्षणको क्रममा सरकार भनेको के हो < भनेर सोधिएको थियो । जसमध्ये ५२ प्रतिसत नागरिकले मिल्दोजुल्दो खालको जवाफ दिएका छन् । यसैगरी थाह छैन भन्ने जवाफ दिने नागरिकहरुको संख्यासमेत ठूलो मात्रामा पाइएको छ । सर्वेक्षणमा सहभागिमध्ये ३८ प्रतिसत नागरिकले सरकार भनेको के हो भनेर आफूलाई थाह नभएको जवाफ दिएका छन् भने सही जवाफ दिने ५ प्रतिसत छ । यस विषयवस्तुभन्दा बाहिर गएर जवाफ दिनेसमेत ५ प्रतिसत नागरिक छन् ।




- अध्यक्षको मात्र
- उपाध्यक्षको मात्र
- दुबै जनाको थाह भएको
- दुबै जनाको थाह नभएको

अर्को प्रश्न थियो, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षको नामको सन्दर्भमा। सर्वेक्षणमा सहभागि भएका नागरिकमध्ये ६७ प्रतिसत नागरिकले गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष दुबैको नाम थाह पाएका भेटियो। यसैगरी दुबै जनाको नाम थाह नपाउनेको संख्यासमेत ठूलैमात्रामा छ। यो संख्या २४ प्रतिसत रहेको छ भने ७ प्रतिसत नागरिकले अध्यक्षको मात्र नाम थाह पाएका छन् र २ प्रतिसतले उपाध्यक्षको मात्र नाम थाह पाएका छन्।




- छ
- छैन

नेपालको संविधान कार्यान्वयनको क्रममा नयाँ संरचनाअनुसार तीन वटा तहका सरकार छन् । स्थानीय, प्रदेश र संघीय सरकार । यीमध्ये नागरिकको सबैभन्दा नजिकको सरकार नै स्थानीय सरकार हो । नजिक भएकै हिसाबले र संवैधानिक व्यवस्थाको हिसाबले पनि नागरिकसँग प्रत्येक्ष जोडिएको छ स्थानीय सरकार । अहिले जनप्रतिनिधसहितको स्थानीय तहका सरकार सञ्चालनमा आएको पहिलो कार्यकाल हो । त्यसकारण यसलाई ध्यान दिँदै स्थानीय सरकार सञ्चालनमा आएपछि समुदायमा आएको परिवर्तनबारे प्रश्न सोधिएको थियो । जसमा सबैभन्दा धेरै ७९ प्रतिसत नागरिकले परिवर्तन आएको जवाफ दिएका छन् । यसैगरी बाँकी २१ प्रतिसत नागरिकले परिवर्तन आएको महसुस नगरेको प्रतिक्रिया दिएका छन् ।




स्थानीय सरकार सञ्चालनमा आएपछि आएको परिवर्तनको महसुस गरेका ७९ प्रतिसत नागरिकभित्रबाट नै अर्को प्रश्न सोधिएको छ, यदी परिवर्तन आएको छ भने उदाहरण दिनुहोस् भनेर भनिएकोमा ७९ प्रतिसतलाई १०० मान्दा जम्माजम्मी ९५ प्रतिसतले उदाहरणसहित जवाफ दिएका छन् र बाँकी पाँच प्रतिसतले उदाहरण दिन सकेका छैनन् ।




स्थानीय तहका सरकार सञ्चालनमा आए पछि करिव पाँच वर्ष पहिला नागरिकहरुले आफ्ना जनप्रतिनिधि चयन गरेका थिए । त्यो बेला र अहिलेको अवस्थालाई तुलनात्मक विश्लेषण गर्न सोधिएको प्रश्नमा पहिला र अहिलेको भिन्नता सर्वेक्षणमा सहभागिमध्ये ४७ प्रतिसतले देखेका छन् र त्यसकै हाराहारी अर्थात् ४५ प्रतिसत नागरिकले केहि केहि मात्रामा भिन्नता भएको जवाफ दिएका छन् भने ८ प्रतिसत नागरिकले कुनै पनि फरक नपरेको जवाफ दिएका छन् ।



पाँच वर्ष पहिला र अहिलेमा भिन्नता देखेका ४७ प्रतिसतमध्येबाट नै उदाहरण पेश गर्न भनिएको थियो। जसमध्ये ४७ प्रतिसतलाई १०० प्रतिसत मान्दा ८१ प्रतिसत नागरिकले उदाहरणसहित भिन्नता पेश गरेका छन्। १९ प्रतिसत नागरिकले भिन्नता देखा परेको जवाफ त दिएका छन्। तर त्यसको उदाहरण पेश गर्न सकेका छैनन्।




स्थानीय सरकारले सबै किसिमका विकास र समृद्धिका अभिभारा बोकेका त हुन्छन् नै। जस्तैः भौतिक पूर्वाधार, सचेतना, वित्तिय विकास वा यस्तै अन्य। विकासका व्यापक क्षेत्रहरुमध्ये प्रष्ट देखिनुपर्ने सवालको आधारमा सर्वेक्षणमा प्रश्न सोधिएको छ। जसमध्ये स्थानीय सरकारले सबैभन्दा बढी यातायातको क्षेत्रमा प्राथमिकताको साथ विकासलाई जोडेको जवाफ सर्वेक्षणबाट देखिएको छ। यातायातको क्षेत्रमा प्राथमिकता दिएको जवाफ सर्वेक्षणमा सहभागिमध्ये २४ प्रतिसत नागरिकले दिएका छन्। यसैगरी, विद्युतको क्षेत्रमा विकास गरेको भनेर २१ प्रतिसत नागरिकले जवाफ दिएका छन् भने शिक्षामा प्राथमिकता दिएको र सबैमा समान प्राथमिकता दिएको भनेर जवाफ दिनेहरुको संख्या जम्ममा सर्वेक्षणमा सहभागिमध्ये समान १९-१९ प्रतिसत छ। स्थानीय सरकारले स्वास्थ्य र खानेपानीको क्षेत्रमा प्राथमिकता दिएको जवाफ सर्वेक्षणमा सहभागिमध्ये समान ८-८ प्रतिसत नागरिकले दिएका छन् भने १ प्रतिसत नागरिकले सञ्चारलाई प्राथमिकता दिएको जवाफ दिएका छन्।




गुराँस गाउँपालिकाका नागरिकले पाँच वर्ष पहिला अर्थात् आफ्ना जनप्रतिनिधि चयन गर्ने क्रममा केहि न केहि आशा र अपेक्षा त गरेका थिए नै । खासगरी व्यक्तिगत जीवन, विकासका पूर्वाधार र आफ्ना सन्तति अर्थात् बालबालिकाको सिकाइमा परिवर्तनको आशा र अपेक्षा गरेका थिए । त्यहि विषयमा गरिएको सोधिखोजीबाट सबैभन्दा बढी अर्थात् सर्वेक्षणमा सहभागिमध्ये ९१ प्रतिसत नागरिकले विकासका पूर्वाधारको अपेक्षा गरेको पाइयो । यसैगरी ७ प्रतिसतले व्यक्तिगत जीवनमा र २ प्रतिसत नागरिकले आफ्नो बालबालिकाको सिकाइ सम्बन्धि अपेक्षा गरेका थिए ।



सर्वेक्षणको क्रममा नागरिकमा सेवा प्रवाहको सहजता र असहजताको सन्दर्भमा सर्वेक्षकहरुले प्रश्न सोधेका थिए। जसमध्ये सर्वेक्षणमा सहभागि नागरिकमध्ये ८५ प्रतिसत नागरिकले सेवा प्राप्त गर्न अति सहज रहेको जवाफ दिएका छन् भने पहिलाकै ठीक थियो भन्ने जवाफ १० प्रतिसत नागरिकले दिएका छन्। सर्वेक्षणबाट प्राप्त तथ्याङ्कअनुसार जम्मा ५ प्रतिसत नागरिकले स्वा प्राप्त गर्न झन्झटिलो रहेको जवाफ दिएका छन्।




आफ्ना नागरिकहरु स्वास्थ्य उपचार नपाएर मर्न नपरोस् भन्ने हेतुले गुराँस गाउँपालिकाले एम्बुलेन्स सेवा उपलब्ध गराएको छ। यसकै सन्दर्भमा समेत सोधिएको प्रश्नमा सर्वेक्षणमा सहभागी नागरिकमध्ये ५२ प्रतिसतले स्वास्थ्य सेवालाई सहज बनाउने कार्य भनेर जवाफ दिएका छन्। सर्वेक्षणमा सहभागिमध्ये ४३ प्रतिसतले सरकारको उत्तरदायित्वको संज्ञा दिएका छन् भने ५ प्रतिसत नागरिकले यो सेवा प्रभावकारी नभएको बताएका छन्।




एम्बुलेन्स सेवा प्रभावकारी छैन भनेर जवाफ दिनेभित्रबाट यसको कारणको समेत खोजी गरिएको छ। यसका संभावित कारणहरु समयको ख्याल नगर्नु, भाडादर महंगो हुनु वा अन्य के हुन सक्छ ? भन्ने जिज्ञासामा समयको ख्याल नभएको जवाफ ४ जनाले दिएका छन् र बाँकी ५५ जनाले अन्य कारण बताएका छन्।



विकास निर्माणका काममा सहजताको लागि भन्दै गुराँस गाउँपालिकाको कार्यालयले नीति तथा कार्यक्रममै समेटेर वडास्तरमा कार्यदल कार्यान्वयनमा ल्याएको छ । खासगरी पूर्वाधार विकासको क्षेत्रमा यो कार्यदललाई खटाउने मनसायले यसको सञ्चालन गरिएको हो । यसका विषयमा सोधिएको प्रश्नमा सर्वेक्षणमा सहभागिमध्ये ८६ प्रतिसतले यसको विषयमा जानकार रहेको कुरा बताएका छन् भने १० प्रतिसत नागरिक अझै जानकार नरहेको पाइएको छ । सर्वेक्षणअनुसार ४ प्रतिसत नागरिक कार्यदलको कामप्रति सन्तुष्ट छैनन् । उनीहरुले भनेका छन्, कामदारले चित्तबुझ्दो काम गरेका छैनन् ।




गुराँस गाउँपालिकाले गाउँपालिका भित्रका बालबालिकाको लागि जीवन सुरक्षा कोष संचालनमा ल्याएको छ । जीवन सुरक्षा कोषलाई फराकिलो बनाउन एउटा बच्चाको नाममा गाउँपालिकाले रकम जम्मा गरिदिने गरेको छ । आर्थिक बर्ष २०७४/०७५ बाट शुरु भएको यो कार्यक्रमको बारेमा सर्वेक्षणमा **जीवन सुरक्षा कोषबारे सुन्नुभएको छ ?** भनेर सोधिएको छ । जसबाट जीवन सुरक्षा कोषको सम्बन्धमा सुनेको छु भन्नेहरु धैरे भेटिएका छन् । उनीहरुको संख्या १७४ रहेको छ । यसैगरी अलिअलि सुनेको छु भनेर १२५ ले जवाफ दिएका छन् भने १५० ले सुनेको छैन भन्ने जवाफ दिएका छन् ।

## गाउँपालिका वा साझेदार संस्थाबाट प्राप्त छात्रबृत्ती सहयोगबारे




विद्यालयमा केन्द्रीत गरेर गुराँस गाउँपालिका र गुराँससँग साझेदारी गर्ने गैरसरकारी संघ संस्थाले विभिन्न छात्रवृत्तिका कार्यक्रमहरु गर्ने गरेका छन् । यस सन्दर्भमा खासगरी बालबालिकाका अभिभावकलाई सर्वेक्षणको क्रममा **तपाईको बालबालिकाले पालिका वा साझेदार संस्थाबाट कुनै किसिमको छात्रवृत्ति पाउनुभएको छ ?** भनेर सोधिएको छ । जसमध्ये २०३ जनाले नगद प्राप्त गरेको जवाफ दिएका छन् भने १७३ जनाले झोला प्राप्त गरेको, १६५ जनाले स्टेशनरी प्राप्त गरेको, १४२ जनाले कपडा प्राप्त गरेको, ११२ जनाले क्षमता अभिवृद्धि प्राप्त गरेको र अन्य ३ जनाले अन्य प्राप्त गरेको जवाफ दिएका छन् ।




- सरकारको उत्कृष्ट कार्य

- जनताप्रतिको उत्तरदायित्व
- अत्यन्त खुसी छु

विद्युत सेवाबाट गाउँपालिका पछाडि रहेको भन्दै गुराँस गाउँपालिकाले सबै वडा र टोलमा विद्युत विस्तार गरिसक्ने योजना अगाडि सारेको छ । कार्यपालिकाले वडानम्बर ५ का अध्यक्ष सुरेन्द्र महतराको संयोजकत्वमा समितिसमेत गठन गरी योजना अघि बढाएको हो । सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रमको ९० प्रतिशत र गाउँपालिकाको १० प्रतिशत लगानीमा विद्युतिकरणको काम गुराँसमा चलेको छ । यसै सन्दर्भमा सर्वेक्षणको क्रममा सोधिएको प्रश्नमा ४९ प्रतिसत नागरिकले उत्कृष्ट कार्यको संज्ञा दिएका छन् भने २६ प्रतिसत नागरिकले खुसी अनुभूति गरेको प्रतिक्रिया दिएका छन् । सर्वेक्षणमा सहभागि नागरिकको २५ प्रतिसत संख्याले जनताप्रतिको उत्तरदायित्व भनेका छन् ।




जनप्रतिनिधिले आफ्ना नागरिकका गुनासो सुन्ने र समाधान गर्ने कार्य लोकतान्त्रिक व्यवस्थाको एक मौलिक एवं उन्नत पक्ष हो । जनउत्तरदायी सरकारले आफ्ना नागरिकका गुनासो सुन्ने र त्यसको समाधान गर्ने गर्नुपर्दछ । यसै सन्दर्भमा **तपाईका जनप्रतिनिधिले गुनासो संकलन गर्ने, सुनुवाई गर्ने, अपेक्षाहरु सम्बोधन गर्ने कार्य गरिरहेका छन् ?** भनेर सोधिएको छ । जसमा सर्वेक्षणमा सहभागिमध्ये सबैभन्दा धेरै अर्थात् ५९ प्रतिसत नागरिकले यस्तो कार्य नभएको बताएका छन् भने ४१ प्रतिसतले भएको छ भन्ने जवाफ दिएका छन् ।




गुनासोको सुनुवाई भएको जवाफ दिएकामध्येका नागरिकलाई अर्को प्रश्नसमेत सोधिएको थियो । **गुनासो संकलन तथा सुनुवाई को बाट भएको थियो ?** भन्ने प्रश्न सोध्दा अधिकांश अर्थात् ५४ प्रतिसतले गाउँपालिका अध्यक्षबाट सुनुवाई भएको प्रतिक्रिया दिएका छन् । यसैगरी वडा अध्यक्षबाट सुनुवाई भएको भन्ने जवाफ २२ प्रतिसतले दिएका छन् भने २० प्रतिसतले गाउँपालिकाको उपाध्यक्षबाट सुनुवाई भएको बताएका छन् । अरु ४ प्रतिसतले वडा सदस्यबाट गुनासो सुनुवाई भएको जानकारी दिएका छन् ।



नागरिकलाई सुपथ र सुलभ मूल्यमा दैनिक उपभोग्य सामग्री (खासगरी खाद्यवस्तु) उपलब्ध गराउने हेतुले गुराँस गाउँपालिकाकाका विभिन्न वडामा सहकारीसँगको साझेदारीमा सुपथ मूल्य पसल सञ्चालन गरिएका छन् । यसको विषयमा नागरिकहरु कत्तिको जानकार छन् त ? भन्ने सबैको चासोको विषय हो । यही प्रश्न सर्वेक्षणको क्रममा गाउँपालिकाका सबै वडामा सोधिकएको थियो । जसमा सुपथ मूल्य पसल सञ्चालन गरिएको विषयमा जानकार हुने नागरिक र यसबारे कुनै थाह नहुने नागरिकको संख्या करिव करिव बराबरी जस्तै छ । सर्वेक्षणमा सहभागिमध्ये प्राप्त तथ्याङ्क माथि देखाइएको छ । माथि देखाइएअनुसार सुपथ मूल्य पसलका विषयमा थाह छ भन्नेहरुको संख्या ५२ प्रतिसत रहेको छ भने थाह नपाउनेको संख्या त्यो भन्दा ४ प्रतिसत कम अर्थात ४८ प्रतिसत नागरिक रहेका छन् ।




स्थानीय सरकार विकास निर्माण होस् या अन्य कुनै कार्य होस्, वित्तिय हिसाबले त जोडिन्छ जोडिन्छ । किनभने, गाउँपालिका भनेको स्थानीय सरकार हो र अन्य दुई तहका सरकारजस्तै प्रायः अधिकार गाउँपालिकामा रहेको छ । गाउँपालिकामा क्रियाशील कर्मचारी वा गाउँपालिकासँगको सहकार्यमा कार्य गर्ने निकाय कतै न कतै आर्थिक हिसाबले भुक्तानी लिने कार्यमा जोडिएका देखिन्छ । सोहि कुरालाई मध्यनजर गर्दै **भुक्तानी लिँदा देखिएका समस्या**को विषयमा हामिले प्रश्न सोधेका थियौँ । जसअनुसार समस्या नभएको भनेर ८७० जनाले भनेका छन् भने, १०९ जनाले केहि मात्रामा समस्या रहेको प्रतिक्रिया दिएका छन् । यसैगरी समस्या छ भनेर ६० जनाले जवाफ दिएका छन् ।




आफ्ना नागरिकलाई रोजगारी दिलाउँदै विकास निर्माणको अभियानमा जोड्न भन्दै गुराँस गाउँपालिकाले वि.सं. २०७४ सालदेखि गुराँस रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । यसप्रति नागरिकको बुझाईको सन्दर्भमा सर्वेक्षणमा सोधिएको थियो । जसमध्ये प्रभावकारी छ भन्ने नागरिकहरुको संख्या ७८ प्रतिसत देखिएको छ भने केहि सुधार गर्नुपर्ने पनि देखा परेको छ । १३ प्रतिसत नागरिकले केहि सुधार गर्नुपर्छ भनेर जवाफ दिएका छन् भने ९ प्रतिसत नागरिकले कार्यान्वयनमा समस्या देखा परेको बताएका छन् ।



सर्वेक्षणमा सहभागिहरुलाई गुराँस रोजगारमा केहि समस्याहरु छन् भन्ने जवाफ समेत आएपछि त्यस्ता समस्याहरु के के हुन सक्छन् भनेरसमेत सोधिएको छ। ४६ जनालाई सोधिएको उक्त प्रश्नको जवाफमा काम गर्ने मानिसमा समस्या रहेको भनेका छन् भने ३७ जनाले अन्य समस्या देखाएका छन्।




स्थानीय तहका सरकार आम नागरिकको प्रत्येक्ष जोडिएको नजिकको सरकार हो। यस सरकारले नियमित विकास निर्माणका कामसँगै अन्य विभागीय र विषयगत शाखामार्फत् क्रियाकलाप गरिरहेको छ। जसमध्ये एक हो स्वास्थ्य सेवा। स्वास्थ्य सेवाको सन्दर्भमा सोधिएको प्रश्नको जवाफमा सर्वेक्षणमा सहभागि भएकामध्ये ५४ प्रतिसत नागरिकले विशेषज्ञ सेवाको अपेक्षा गरेको पाइएको छ। यसैगरी समयको बचत गरेकै प्रतिक्रिया ४६ प्रतिसत नागरिकले व्यक्त गरेका छन्।



- सम्भावित पर्यटकीय क्षेत्रको पहिचान भएको
- पर्यटनका आधारभूत कार्यहरु भएको
- मलाई केहि थाह छैन

गुराँस गाउँपालिका पर्यटकीय हिसावले अत्यन्त सम्भावनायुक्त क्षेत्र हो । साँस्कृतिक, प्राकृतिक तथा अन्य हिसाबले गुराँस गाउँपालिका पर्यटकीय क्षेत्र हो । साथै पछिल्लो समय पर्यटन प्रवर्द्धन सम्बन्धि विभिन्न कामहरुसमेत गाउँपालिकाबाट भइरहेका छन् । यस सन्दर्भमा ६३ प्रतिसत नागरिकले गाउँपालिकाको कामले पर्यटनका सम्भावित क्षेत्रको पहिचान भएको बताएका छन् । त्यतिमात्र होइन, गुराँसमा पर्यटकीय क्षेत्रमा भएका कामको बारेमा थाह छैन भन्ने नागरिकहरुसमेत देखिएका छन् । सर्वेक्षणमा सहभागिमध्ये २५ प्रतिसत नागरिकले मलाई केहि थाह छैन भनेर जवाफ दिएका छन् भने १२ प्रतिसत नागरिकले पर्यटनका आधारभूत कार्यहरु भएको बताएका छन् ।




- संरचना अझै व्यवस्थित गर्नुपर्छ
- पर्यटकलाई सुविधा प्रदान गर्नुपर्छ

यथार्थमा भन्दा गुराँस गाउँपालिकामा पछिल्लो पटक पर्यटकको आवागमन निकै उत्साहजनक रहेको छ । यसलाई बृद्धि गर्न त जरुरी नै छ । यसको उपाय पहिल्याउन सबै लाग्नुपर्दछ । यसै कुरालाई मध्यनजर गरी पर्यटक बृद्धि भइरहेका छन्, यसलाई अझै बढाउन के गर्न सकिन्छ ? भनेर सोधेका थियौं । जसमा ८१ प्रतिसत नागरिकले पर्यटकीय क्षेत्रलाई अझै व्यवस्थित गराउनुपर्नेमा जोड दिएका छन् भने १९ प्रतिसतले पर्यटकलाई अझै उचित सुविधा प्रदान गरिनुपर्ने बताएका छन् ।




गुराँस गाउँपालिकाले गाउँपालिकाको कार्यालयअन्तर्गत शिक्षा साखामार्फत शिक्षक र विद्यार्थी केन्द्रीत वृत्तिविकासका कार्यहरु गरिरहेको बताएको छ । यसमा नागरिकस्तरसम्म परिवर्तनको अनुभूति भएको छ वा छैन ? भन्ने विषय यस सर्वेक्षणको दायराभित्र परेको छ । जसमा ६५ प्रतिसत नागरिकले परिवर्तन आएको छ भन्ने जवाफ दिएका छन् भने ३५ प्रतिसत नागरिकले परिवर्तनको अनुभूति नगरेको पाइएको छ ।



शिक्षक विद्यार्थीमा परिवर्तन आएको छ भनेर जवाफ दिएकाहरुलाई अर्को पनि प्रश्न सोधिएको थियो । जसमध्ये २०६ जनाले पठनपाठनमा शैली परिवर्तन भएको बताएका छन् । यसैगरी ६३ जनाले व्यवहारमा परिवर्तन आएको बताएका छन् भने ४२ जना नागरिकले भौतिक पूर्वाधारलगायत अन्य अन्य परिवर्तनको विषय उठाएका छन् ।




गुराँस गाउँपालिकाको कार्यालयबाट कार्यान्वयन हुनेगरी विभिन्न रोजगार र स्वरोजगारमूलक कार्यक्रम भइरहेका दावी गरेको छ । यस सर्वेक्षणको क्रममा ५१ प्रतिसत नागरिक कुनै न कुनै रोजगारमा संलग्न रहेको देखिन्छ । यद्यपी, ४९ प्रतिसत नागरिकले कुनै पनि रोजगार र स्वरोजकारको कार्यक्रममा सहभागी नभएको बताएका छन् । यसैगरी २८ प्रतिसत नागरिक मुख्यमन्त्री रोजगार कार्यक्रममा सहभागी भएका, १५ प्रतिसत नागरिक प्रधानमन्त्री रोजगारमा, ५ प्रतिसत नागरिक रोजगार कार्यदलमा, २ प्रतिसत नागरिक अन्य रोजगार र १ प्रतिसत नागरिक गरिवसँग विश्वेश्वर अध्यक्ष स्वरोजगार कार्यक्रममा समावेश भएको पाइएको छ ।

**प्रा. लि. को पृष्ठभूमीः**

स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रा. लि. एक सेवा तथा व्यवसायकमुलक कार्यको लागि नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयअन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा विधिवत् रूपमा दर्ता भई सञ्चालित कम्पनी हो । यस प्रा. लि. ले आफ्नो स्थापनाकाल देखि नै व्यवसायिक क्रियाकलापको साथमा शिक्षा, स्वास्थ्य, सञ्चार, प्रविधि, कृषि तथा अन्य क्रियाकलाप गरिरहेको छ । स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रा. लि. ले तपाई हाम्रै समुदायलाई नै केन्द्र भागमा राखेर आफ्ना सेवा तथा व्यवसायिक क्रियाकलाप गर्ने गरेको छ । जसअन्तर्गत सरकारी, निजी तथा अन्य गैरसरकारी क्षेत्रसँगको सहकार्य भइरहेको छ । यसले सञ्चार क्षेत्रमा रेडियो, पत्रपत्रिका, टेलिभिजन, अनलाइन मिडियालगायतको उपयोग गर्दै आम नागरिकसँग सरोकार राख्ने नाफामुलक र गैरनाफामुलक अभियानलाई सञ्चालन गर्नेसमेत गरेको छ । यसैगरी विभिन्न विषयवस्तुमा अध्ययन, अनुसन्धान, सर्वेक्षण र अवस्था विश्लेषणको कामसमेत स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रा. लि. बाट हुने गरेको छ ।

**छोटकरीमाः**

- नामः स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रा. लि.,
- ठेगानाः वीरेन्द्रनगर नगरपालिका-६, नम्बर वडा कर्णाली प्रदेश, सुर्खेत नेपाल
- प्रकृतिः निजी व्यवसायिक
- दर्ताः कम्पनी रजिष्ट्रारको कार्यालय (उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय)
- दर्ता नम्बरः २७९०४०/०७८/०७९

**हाल सञ्चालनमा आएका कार्यक्रमहरूः**

(१) अनलाइन पत्रिका- khabarbajar.com
(२) अनलाइन टेलिभिजन- youtube.com/khabarbajar
सम्पर्क नम्बरः ९८५८०५०००७, ९८०३९५०००७
इमेलः info.innovationresearch@gmail.com
वेवसाइटः www.khabarbajar.com

**स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रा. लि. को ध्येयः**

"सेवा र व्यवसाय सँगसँगै"

**स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रा. लि. का उद्देश्यहरूः**

१) सामुदायिक विकास, सुशासन र पारदर्शिताको लागि उपयुक्त वातावरण बनाउन पहल गर्ने ।
२) सर्वेक्षण, खोज, अध्ययन, अनुसन्धानको कार्यलाई समग्र विकासमा जोड्न मद्दत गर्ने ।
३) दिगो विकासका कार्यहरुमा सहयोगी भूमिका निर्वाह गर्ने ।
४) समाजका सकारात्मक पक्षलाई सञ्चार माध्यम र सरकारसँग जोड्दै थप प्रगतिको लागि प्रोत्साहित गर्ने ।

**स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रा. लि. ले गर्ने कार्यहरू:**

(१) विषयवस्तुमा आधारित पाठ्यक्रम तयार पार्ने ।

(२) सर्वेक्षण, खोज, अध्ययन, अनुसन्धान तथा परामर्श ।

(३) सञ्चार माध्यमसँग सम्बन्धित अनुसन्धान ।

(४) प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन ।

(५) सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा अन्य इभेन्ट मेनेजमेन्ट सम्बन्धी कार्य ।

(६) विस्तृत परियोजना प्रस्ताव (डिपिआर) तयार गर्ने ।

(७) स्थानीय तहका कानुन मस्यौदामा सहजिकरण गर्ने र कानुनी विषयमा तालिम तथा गोष्ठी सञ्चालन गर्ने ।

(८) विज्ञापन एजेन्सीका सेवाहरु (पत्रपत्रिका, रेडियो, टेलिभिजन र सडक बोर्डहरु) ।

(९) नाटक, टेलिफिल्म, भिडियो फिल्म, वृत्तचित्र उत्पादन गरी सञ्चार माध्यममा प्रसारण गर्ने ।

(१०) सीपमूलक र ज्ञानवर्द्धक कार्यक्रमहरु उत्पादन गरी सञ्चार माध्यमहरुमा प्रसारण गर्ने ।

(११) पत्रकारिता, उद्घोषण, साहित्य, कला, संगीत, नृत्य, मोडलिङ्ग, फेशन शोलगायत जीवनउपयोगी सीप र ज्ञान सम्बन्धी तालिम दिने ।

(१२) अनलाइन पत्रिका र टेलिभिजन सञ्चालन गर्ने ।

(१३) अडियो र भिडियो सम्बन्धी सबै सेवा गर्ने ।

(१४) अनलाइन विजनेससँग सम्बन्धित कार्य गर्ने ।

# गुराँस गाउँपालिको कार्यालय रानिमत्ता, दैलेख

## स्थानीय सरकारको सेवा प्रवाहको सम्बन्धमा सोधिएका प्रश्नवाली

सर्वेक्षण गर्दा सर्वेक्षकले सम्बन्धीत व्यक्तिलाई प्रत्यक्ष्य भेटेर मात्र सोधिनु पर्नेछ अन्यथा सर्वेक्षणको मुल भाव हराउन सक्छ, प्रश्नहरुलाई सकेसम्म सरल र बुझिने भाषामा सोधिनु पर्नेछ यसका साथै विभिन्न उमेर समूह, जातजती तथा लिङ्डलाई केन्द्रमा राखिनु पर्दछ।

**खण्ड "क"**

**१. व्यक्तिगत विवरण**

वडा नं.

वस्तीको नाम

जातजाती

धर्म

लिङ्ग

मातृभाषा

नामः .......................................... उमेर ................वर्ष

**२. तपाँईको पेशा के हो ?**

(क) कृषी/पशुपालन/फलफुलखेती (ख) व्यापार व्यवसाय (ग) सेवा/नोकरी

(घ) ज्याला मजदुरी (ङ) विप्रेषण विदेश पठाएको रकम (च) विद्यार्थी

**३. आज भन्दा पाँच वर्ष पहिले तपाँईको बसोबास कहाँ रहेको थियो ?**

क) अन्य स्थानमा ख) यही स्थानमा

**३ (अ) अन्य स्थानमा भए, यहाँ किन आउनुभएको हो ? (यहि स्थानमा भन्ने उत्तर आएमा ४ मा जाने)**

क) द्वन्द्वका कारण ख) खेतीपाती गर्न ग) व्यापार व्यवसाय गर्न घ) बैवाहिक सम्बन्ध भएर ङ) रोजगारका लागि

**खण्ड "ख"**

**४. तपाईको स्थानिय तहको नामः**

.................................................................................................................................................

.....(जस्तो उच्चारण गर्नुहुन्छ सोही वाक्य लेख्नुहोस् )

**५. सरकार भनेको के हो ? (एकै वाक्यमा उत्तर टिप्नुहोस्, यदी थाहा नभए बताउनुहोस् तर खाली ठाउँमा नभर्नुहोस्)**

.................................................................................................................................................

.....................................................

**६. तपाँईको स्थानीय सरकार प्रमुख र उपप्रमुखको नाम उल्लेख गर्नुहोस्।**

......................................................................... र ..................................................... (थाहा नभएमा बताउनुहोस् तर खाली ठाउँमा नभर्नुहोस्)

**७. स्थानीय सरकार सञ्चालमा आएपछि तपाँईको समुदायमा के फरक पाउनुभएको छ ?**

(क) छ (ख) छैन

**७ (अ) यदि छ भने, के कस्ता फरक आएका छन् उल्लेख गर्नुहोस्**

........................................................................................................................................................

......................................................................

**८. तपाँईको दृष्टिकोणमा करिब पाँच वर्ष पहिले र अहिलेको समुदायमा के भिन्नता पाउँनुभएको छ ?**

(क) धेरै फरक परेकोछ (ख) थोरैमात्रामा फरक परेकोछ (ग) भएको छैन

उदाहरण पनि उल्लेख गर्नुहोस्

..........................................................................................................................................

**९. तपाँईको गाउँपालिकाले विकासका पूर्वाधार निर्माणका क्रममा सबैभन्दा कुन पक्षलाई धेरै ध्यान दिएको पाउनुभएको छ?**

(क) शिक्षा (ख) स्वास्थ्य (ग) यातायात (घ) खानेपानी (ङ) सञ्चार (च) विद्युत (छ) सबै समान रुपमा

**१०. पाँच वर्ष अघि तपाँईको अपेक्षा के थियो ? (एक वाक्यमा टिपोट गर्नुहोस्)**

........................................................................................................................................................

..........................................................................

**खण्ड "ग"**

**११. स्थानीय तह सञ्चालनमा आएपछि तपाँले सेवा प्राप्त गर्न सहज वा असहज के भएको छ ?**

(क) अति सहज (ख) झन्जटिलो (ग) पहिलेकै ठिक

**१२. तपाँईको गाउँपालिकाले आफ्ना गाउँपालिका भित्रका नागरिकलाई छिटो र सहज स्वास्थ्य सेवा प्रवाह गर्नलाई एम्बुलेन्स खरिद गरी सुलभ दरमा सेवा प्रवाह गर्दै आएको छ तपाँई यो कार्यलाई कसरी लिनुहुन्छ ?**

(क) जनता प्रतिको उत्तरदायित्व (ख) स्वास्थ्य सेवालाई सहज शुलभ बनाउने कार्य (ग) प्रभावकारिता छैन

**१२ (अ) यदि प्रभावकारिता छैन भन्ने आएमा उदाहरण पनि खोज्नुहोस्**

........................................................................................................................................................

..........................................................................

**१३. तपाँईको गाउँपालिकाले सञ्चालनमा आए लगतै बेरोजगार युवाहरुको तथ्यांक संकलन गरी प्रत्येक वडामा केही युवाहरुलाई रोजगार प्रदान गरेकोछ यसमा तपाँई कत्तिको जानकार हुनुहुन्छ ?**

(क) जानकार छु (ख) जानकार छैन (ग) कामदारले चित्तबुझ्दो काम गरेका छैनन् ।

**१४. जीवन सुरक्षा कोषको बारेमा सुन्नु भएको छ ?**

(क) सुनेको छु (ख) अलि अलि सुनेको छु (ग) सुनेकै छैन **(सुनेकै छैन भन्ने आएमा सर्वेक्षकले नै प्रष्ट पार्नुहोस्)**

**१५. तपाँईको गाउँपालिकाले गाउँपालिका भरीका जोखिममा परेका बालबालिकाका निमित्त वित्तिय संस्थामा व्यक्तिगत खाता सञ्चालन गरी रु. २५०००/- जम्मा गरिदिएको छ। जोखिममा परेका बालबालिकाका निमित्त यो कार्यलाई कसरी लिनु भएको छ ?**

(क) सुरहाणिय कार्य (ख) पृथक खालको कार्य (ग) प्रभावकारिता भएको छैन।

**१६. तपाईको बालबालिकाले पालिका वा साझेदार संस्थाबाट कुनै किसिमको छात्रबृत्ती पाउनुभएको छ ?**

(क) झोला (ख) कपडा (ग) स्टेशनरी (घ) नगद (ङ) क्षमता अभिवृद्धि

**१७. तपाँईको स्थानिय सरकारको पहलमा सामुदायिक विद्युतिकरण भई गाउँ गाउँमा विद्युत प्रवाह हुने कार्य अन्तिम चरणमा रहेकोछ यसरी आफ्नो आर्थीक स्रोत कम हुँदा पनि यति ठुलो कार्य गर्न सफल भएको छ। तपाँई यसलाई कसरी लिनुभएको छ ?**

(क) उत्कृष्ट कार्य (ख) जनता प्रतिको उत्तरदायित्व (ग) अत्यन्त खुसी छु।

**१८. तपाँईका जनप्रतिनिधिले तपाँईसँग गुनासो संकलन गर्ने, सुनुवाई गर्ने, अपेक्षाहरु सम्बोधन गर्ने कार्य भएको छ ?**

(क) छ (ख) छैन

१८ (अ) यदि छ जबाफ आएमा, कसले गरेको छ उल्लेख गर्नुहोस् ...............................................................

**१९. सुपथ मूल्य पसलको बारेमा जानकार हुनुहुन्छ ?**

(क) छ (ख) छैन (यदि छैन भन्ने जबाफ आएमा सर्वेक्षकले अवधारणा बताउनुहोस्।)

**२०. गाउँपालिकाबाट तपाँईले लिने भुक्तानीमा कुनै समस्या झेल्नु भएको छ ?**

(क) छ (ख) केहि मात्रामा (ग) छैन

यदि छ भने, उदाहरण पनि पेश गर्नुहोस् ..............................................................................................

**२१. वि.स २०७४ साल देखी तपाँईको स्थानिय सरकारले गुराँस रोजगार कार्यक्रम सञ्चालनमा ल्याएकोछ यसको प्रभावकारितालाई तपाँइले कसरी लिनुभएको छ ?**

(क) प्रभावकारी रहेकोछ (ख) कार्यान्वयनमा समस्या (ख) केही सुधार गर्नुपर्ने,

सुधार गर्नुपर्ने पक्ष केलाउन भन्नुहोस् ...................................................................................

**२२. गुराँस गाउँपालिकाको केन्द्रमा रहेको गुराँस अस्पतालबाट र वडा नं. १,२,५,८ नयाँ स्वास्थ्य संस्था सञ्चालनमा ल्याएको छ, यसले आम नागरिकको स्वास्थ्यमा के प्रभाव पारेको छ ?**

(क) दिनभरी हिड्नुपर्ने बाध्यता हटेको छ। (ख) विशेषज्ञसहितको सेवालाई प्रभाकारीता चाहन्छौँ

**२३. पर्यटन विकासको क्षेत्रमा गाउँपालिकाबाट के के काम भएको थाहा पाउनु भएको छ ?**

(क) पर्यटनका सम्भावित क्षेत्रको पहिचान भएको (ख) पर्यटनका आधारभुत कार्यहरु भएको (ग) केही थाह छैन

(केही थाहा छैन भन्ने उत्तर आएमा सर्वेक्षकले प्रष्ट्याउनुहोस्)

**२४.(अ) पहिले भन्दा अहिले पर्यटक हाम्रा गाउँपालिकाका विभिन्न क्षेत्रमा भ्रमणका निमित्त आउने गरेकाछन् यसलाई अझै बृद्धि गर्न के गर्न सकिएला ?**

(क) सम्भावित क्षेत्रमा अझै व्यवस्थित गर्नुपर्छ (ख) आगुन्तुक पर्यटकलाई उचित स्वागत तथा सत्कार गरिनुपर्छ

**२५. तपाँईको विद्यालयमा शिक्षक र विद्यार्थीको अवस्था पहिला र अहिलेमा के फरक पाउनुभएको छ ?**

(क) छ (ख) छैन

**२५ (अ) यदी छ भन्ने उत्तर आएमा के कस्ता फरक पाउनुभयो ?**

.......................................................................................................................................

**२६. तपाँईको परिवारभित्र गुराँस गाउँपालिका बाट रोजगार वा स्वरोजगार कुन कार्यक्रममा सुविधा लिनु भएको छ ?**

(क) रोजगार (ख) रोजगार कार्यदल (ग) प्रधानमन्त्री रोजगार (घ) मुख्यमन्त्री रोजगार

(ङ) गरिवसँग विश्वेश्वर अध्यक्ष स्वरोजगार (च) कुनै पनि छैन

| **सर्वेक्षणकर्ताः** | **रुजु गर्नेः** | **प्रमाणित गर्नेः** |
|---|---|---|
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| मो. नं. | मो. नं. | मो. नं. |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |

<u>**सर्वेक्षण टीम**</u>

| **क्र. सं.** | **नाम थर** | **ठेगाना** | **जिम्मेवारी** |
|---|---|---|---|
| १ | बखतबहादुर खत्री | गुराँस गाउँपालिका-१ नम्बर वडा | सर्वेक्षण |
| २ | कृष्णाकुमारी मल्ल | गुराँस गाउँपालिका-२ नम्बर वडा | सर्वेक्षण |
| ३ | भीमकुमारी शाही | गुराँस गाउँपालिका-३ नम्बर वडा | सर्वेक्षण |
| ४ | दिपेन्द्र शाही | गुराँस गाउँपालिका-४ नम्बर वडा | सर्वेक्षण |
| ५ | पवित्रा थापामगर | गुराँस गाउँपालिका-५ नम्बर वडा | सर्वेक्षण |
| ६ | चन्द्रा बुढाथोकी | गुराँस गाउँपालिका-६ नम्बर वडा | सर्वेक्षण |
| ७ | नकेन्द्र खड्का | गुराँस गाउँपालिका-७ नम्बर वडा | सर्वेक्षण |
| ८ | ओमकुमारी खड्का | गुराँस गाउँपालिका-८ नम्बर वडा | सर्वेक्षण |
| ९ | टोपेन्द्र के.सी. | गुराँस गाउँपालिका-८ नम्बर वडा | विश्लेषण र प्राविधिक सहयोग |